८१ औ बैठक

मिति २०७७ साल मंसिर २४ गते बुधबारका दिन बिहान ८:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्गज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**अन्य उपस्थिती :**

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री अनिल खनाल, आ.ले.प. अधिकृत

श्री रामचन्द्र सुवेदी, राजस्व शाखा प्रमुख

श्री गोपिला पौडेल, लेखा शाखा प्रमुख

आज बोर्डबैठकले गरेको निर्णय नं. १ मा मेरो असहमति छ।

सीताकुमारी भुजेल थापा, (कार्यपालिका सदस्य)

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## निर्णय नं. १ :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस नगरपालिका वडा नं. ११ स्थित राईपुर स्वास्थ्य चौकीलाई १५ शैयाको आधारभूत अस्पतालको रुपमा सुचिकृत भै शिलान्यास समेत गरिएकोमा नगरपालिकाको छैटौ तथा हिउदे नगरसभाले गरेको निर्णयबमोजिम अस्पताल निर्माण कार्य गर्नका लागि सम्बन्धित निकायमा ताकेता गर्ने,साथै वडा न. ३,११ र १२ मा रहेका स्वास्थ्य चौकीको स्तरोन्नतीका लागि आवश्यक कार्य गर्ने ।

## निर्णय नं. २

शुक्लागण्डकी नगरपालिका कार्यालय,नगरकार्यपालिका कार्यालय,नगरपालिका कार्यालयका प्रमुख(मेयर),प्रमुख प्रशासकीय अधिकृत,स्वास्थ्य शाखा प्रमुख तथा पदपुर्ति समितिका सचिव अजय कुमार श्रीवास्तवसमेत लाई विपक्षी बनाई रिट निवेदक सिता सिग्देलसमेतले सम्मानित उच्च अदालत, पोखरामा पेस गरेको रिट निवेदनउपर सम्मानित उच्च अदालतबाट यस नगरपालिका कार्यालय,नगर कार्यपालीकाको कार्यालय,नगरपालिका कार्यालय प्रमुख(मेयर), शुक्लागण्डकी नगरपालिका स्वास्थ्य शाखा प्रमुख तथा पदपुर्ति समितिका सचिव श्री अजयकुमार श्रीवास्तवसमेत जना चार(४) को लागि लिखित जवाफ पेश गर्न आदेशको प्रतिलिपि सहित सूचना म्याद मिति २०७७ मंसिर ४ गते तामेली भएको मुद्धामा लिखित जवाफ दर्ता गराई उच्च अदालतमा गई मुद्धामा पुर्पक्ष समेत गर्नका लागि शुक्लागण्डकी नगरपालिका वडा नं. १० निवासी यस नगरपालिकाका कानुनी सल्लाहकार अधिबक्ता श्री चेतनारायण पौडेललाई अख्तियारी प्रदान गर्ने ।

## निर्णय नं. ३ :

शुक्लागण्डकी नगरपालिका,नगरकार्यकापालिकाको कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदक सावित्री निर्माण सेवा प्रा.लि को तर्फबाट प्रोपराईटर ठाकुर प्रसाद गुरुङ्गले सम्मानित सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरीपाउ भन्ने निवेदनमा नगरपालिकाको तर्फबाट लिखित जवाफ पेश गर्न सर्वोच्च अदालतको आदेश निवेदन प्रतिलिपि सहितको सुचना म्याद मिति २०७७/८/४ गते तामेल भएकोमा उक्त मुद्धामा लिखित जवाफ दर्ता गरी मुद्धामा समेत पुर्पक्ष गर्नका लागि यस नगरपालिका र नगरकार्यपालिका कार्यालयको तर्फबाट शुक्लागण्डकी नगरपालिका वडा नं. १० निवासी यस नगरपालिकाका कानुनी सल्लाहकार अधिबक्ता श्री चेतनारायण पौडेललाई अख्तियारी प्रदान गर्ने ।

## निर्णय नं. ४ :

नागरिक आवास कार्यक्रमका लागि विभिन्न वडाहरुबाट कुला १७४ माग निवेदन प्राप्त भएकोमा तोकीएको ढाँचामा निवेदन ,सर्वेक्षण फाराम भरी पठाउन सम्वन्धित वडालाई ताकेता गरी पठाउने ।

## निर्णय नं ४ :

क्रसर उद्योग संचालनका सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्डबमोजिम उद्योग संचालन गर्न संचालकहरुलाई पत्राचार गर्ने, साथै जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिसँग समन्वय र छलफल गरी आवश्यक निष्कर्षमा पुग्ने ।

किसान गुरुङ
नगर प्रमुख

Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५ :**

शु.न.पा वडा नं. ५ मा सञ्चालित नेपाल टेलिकम सेवा कार्यालयले कार्यालयको लागि जगा माग गरेबमोजिम शु.न.पा ५ स्थित क्याम्पसबस्तीमा नगर विकास समितिको नाममा दर्ता कायम भएको साविक दुलेगौडा ९,क,कित्ता नं १४,क्षेत्रफल ६-४-१-० मध्येबाट ९ आना जगा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सहमति प्रदान गर्ने ।

**निर्णय नं. ६ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. १ र १२ मा चालु आ.ब. ०७६/७७ को मेड्पा कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. ७ :**

कोभीड – १९ को प्रकोपका कारण नेपाल सरकारको निर्देशानुसार नियमित नित्यपुजाबाहेक अन्य पुजाआजा रोकीएको प्रासिद्ध धार्मिकस्थल श्री ढोरबाराही मन्दिरमा यही २०७७ पौष १ गतेदेखि जनस्वास्थ्यका आधारभुत मापदण्ड अपनाई पुजाआजा प्रारम्भ गर्ने ।

**निर्णय नं. ८ :**

आगामी हिउदे नगरसभावाट अनुमोदन गर्ने गरी चालु आ.ब ०७७/७८ को वडागत योजनामा वडा नं ५ को सेरामार्ग देखि भौरीटोल ट्र्याक योजना परीवर्तन गरी किरीयापुत्री भवन शिवमन्दिर कायम गर्ने ।

**निर्णय नं. ९ :**

निजि जग्गाको ढुंगा,गिट्टी,बालुवा,माटो आदि उत्खनन,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७७ को दफा बमोजिम दफा ६ को उपदफा ३क बमोजिम कार्यदलको संयोजकको जिम्मेवारी नगरकार्यपालिका सदस्य श्री कुलबहादुर भुजेललाई प्रदान गर्ने ।

**निर्णय नं. १० :**

मिति २०७७ असोज २६ गतेको बैठकको निर्णयानुसार शुक्लागण्डकी २ कोत्रेदोभान,सेतीगण्डकी नदी पुडीघाट,क्यांदीखोला,सुरौदीखोला र कुम्लेखोला विभिन्न स्थानहरुको प्रारम्भिक वातावरणीय परीक्षण कार्यका लागि नगर वातावरण संरक्षण ऐन,२०७७ बमोजिम तयार गरी नगरप्रमुख बाट स्वीकृत भएको वातावरणीय परीक्षण कार्यसुची अनुमोदन गर्ने ।

**निर्णय नं. ११ :**

कारागार व्यवस्थापन कार्यालय,दमौली तनहुँबाट माग भईआएबमोजिम लागत मुल्य रु ५००००।– बराबरको २ फुट चौडाई,१ फुट उचाई र ६ फुट लम्बाई भएका ८ थान भुईखाटको भैपरी आउने शिर्षकबाट खर्च लेख्ने गरी उक्त सामान हस्तान्तरण गर्ने ।

किसान गुरुङ
नगर प्रमुख



Scanned with CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १३ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. १२ स्थित धामीकुना लैसीबोट मा खानेपानीको अभाव भै आएकोले उक्त स्थानका उपभोक्ताको मागबमोजिम १००० मिटरको पोलीथिन पाईप(१ ईन्ची) को रकम नगर पूर्वाधार विकासतर्फको फुटकर योजना नगरपालिकाभर बाट खर्च लेख्ने गरी भुक्तानी गर्ने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमाणित